# नेपाली डायास्पोरा माझ देवकोटा जयन्ती पहिले र अहिले अनेसासको भूमिका

होमनाथ सुवेदी,
वुडब्रिज, भर्जिनिया



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ( अ.ने.सा.स.) को स्थापना सन् १९९० को विजया दशमीको दिन संयुक्त राज्य अमेरिकामा भएको थियो । यसले भानुजयन्ती लगायत अरु साहित्यिक काम गरेको भए पनि देवकोटाका सन्दर्भमा छुट्टै केन्द्रित रही साहित्यिक चिन्तन गरेको थिएन । यसै विषयलाई हृदयङ्गम गरी अ.ने.सा.स. केन्द्रालयले यससंग सम्बन्धित सम्पूर्ण अन्तर्राष्ट्रिय शाखा (च्याप्टर), सदस्य, शुभचिन्तक तथा पदाधिकारीहरूलाई संस्थागत वा वैयक्तिक जुनसुकै हिसावले महाकवि लक्ष्मीप्रसाद देवकोटा जन्मशताब्दी मनाउन अग्रसर हुन अनुरोध गरेको थियो । देवकोटा जन्मशताब्दी मनाउने सन्दर्भमा केन्द्रले २००९ को अक्टोबर महिनालाई 'देवकोटामय अक्टोवर महिना' बनाउने र नेपाली डायास्पोरा [1] लाई 'देवकोटामय डायास्पोरा' बनाउने निर्णय गरेअनुसार[2] सर्वत्र यसको प्रचार प्रसारले तीब्रता पायो । यसका अन्तर्राष्ट्रिय शाखाहरू मध्ये न्यूयोर्क शाखाले अक्टोबर १०मा[3], बेल्जियम शाखाले ११मा[4], नेब्रास्का शाखाले १८ मा[5], त्यस्तै इजराइल[6] शाखाले इजराइलमा धुमधामसित देवकोटा जन्मशताब्दी मनाइएका विवरणहरू प्राप्त हुनु साहित्यानुरागीहरूका लागि निश्चित रुपमा थप उत्साहका विषय बन्न पुगेका छन् । यस्ता अरु धेरै प्रकाशित वा अप्रकाशित व्यक्ति वा संस्थाहरुले नेपाली डायास्पोरालाई देवकोटामय बनाएर मनाए अनि मनाउँदै छन् । यी कार्यहरू महाकवि देवकोटाप्रति विश्वभरि झ्याङ्गिँदै गरेका संपूर्ण नेपाली डायास्पोराका श्रद्धासुमन अर्पणहरु हुन भने अर्कातिर नेपालमा भाषा र जातिका नाममा सदियौंदेखि विद्यमान आपसी सहिष्णुतामा दरारहरू पर्न लागेको वर्तमानमा अन्तर्राष्ट्रिय जगतमा नेपाली डायास्पोराले देखाएको नेपाली जातिको समष्टिगत एकीकृत उच्च पहिचान हो तथा नेपाली भाषाप्रेमको एउटा मानक पनि हो भन्दा दुईमत नहोला । यसरी संसारभरी छरिएर रहेका नेपाली तन र मनहरूको साहित्यिक क्रियाशीलताले देवकोटाको नाममा नेपाली हुनुको अनुभूति गरेको छ र एकताको दृष्टान्त प्रदर्शन गरेको छ । यो विषय देवकोटाउपरको सम्मान मात्र नभई नेपालीत्वको परिचय, अस्मिता र अस्तित्वको निरन्तरताको सोपान पनि बन्न गएको छ । जहाँ रहे पनि नेपालीपनको गत्यात्मकताको मानक बनेको छ ।

जहाँ बसेका छौं त्यही ठाउँमा हाम्रा भानु, लेखनाथ, सिद्धिचरण, सम, चित्तधर, देवकोटा आदिका उपर संगसगै चिन्तन मनन गर्ने अवसर पाउँदा सिस्नो र फाँडो खाए पनि यी धर्तीमाताको जुनसुकै कुनामा आनन्दले बस्न सकिन्छ भन्ने प्रेरणा जीवन्त भएर आउँदछ । यस उसले पनि हामीले यो नयाँ

[1] http://dictionary.reference.com/browse/Diaspora
[2] http://inls.org/index.php?sect=announcements&nId=392
[3] http://inls.org/index.php?sect=announcements&nId=402
[4] http://inls.org/index.php?sect=announcements&nId=405
[5] http://inls.org/index.php?sect=announcements&nId=409
[6] http://inls.org/index.php?sect=announcements&nId=407

डायास्पोरामा नेपालीको परिचय दीगो र कालजयी राख्न सक्नुपर्छ भन्ने बल मिलेको छ । त्यसका लागि महाकवि देवकोटाको प्रीय कृति मुनामदनले हामीलाई ठूलो पाठ दिन्छ । वर्तमान भूमण्डलीकरणको समयमा प्रवासमा रहेर खाएको स्वादिस्ट खानाभन्दा नेपालको साग र सिस्नो आनन्दी मनले खाएर मात्र हैन कि आजको नयाँ डायास्पोराको युगमा नेपाली साहित्यको सुवासलाई सातसमुन्द्र पारी फिजाउँदै आनन्दी मनले बस्नु पनि देवकोटामार्गमा नेपाली डायास्पोराले देखाएको सच्चा नेपाली साहित्यप्रेम हो भन्ने भावनाको विकास गर्नुपर्ने आतुरता यहाँ प्रवासमा हाम्रा अगाडि छ । हामी जुनसुकै देशमा रहेबसे पनि देवकोटा जस्ता सिङ्गै साहित्यिक युगको यो शतवार्षिकीका सन्दर्भमा आयोजित नेपाली भाषा, साहित्य र संस्कृति उपर गरिदै गरिएका चिन्तनमनन र मन्थनले हाम्रो जिजीविषालाई झन बढाइदिएको थप यथार्थता हाम्रा सामू छ । त्यसैले नेपाली डायास्पोराले विश्वव्यापी रुपमा मनाइरहेको यो देवकोटा जन्म शताब्दीको महिमा सुदीर्घ तथा अनुपम छ । यसै सन्दर्भमा अ.ने.सा.स.को यो कदमको उल्लेखको साथमा अ.ने.सा.स.को परिचय र यसले पहिले पनि देवकोटा जयन्ती मनाउँदै आएको थियो जसको संक्षिप्त इतिहास यहाँ कोट्याउनु प्रासङ्गिक नै हुनेछ ।

**नेपाली को हो?** मेरा विचारमा साहित्यिक दृष्टिले भन्नुपर्दा बिश्वको जुनसुकै कुनामा रहेबसे पनि नेपालको भाषा बोल्ने र नेपाली साहित्य, कला र संस्कृतिको गौरव गर्ने हरेक अनुयायी नेपाली हो । **साहित्य के हो?** लिखित होस वा अलिखित होस कुनै पनि विचारको कलात्मक सुन्दर अभिव्यक्ति नै साहित्य हो । **बिकास के हो ?** नेपाली जातिको लिखित वा अलिखित कुनै पनि कलात्मक हृदयस्पर्शी अभिव्यक्तिलाई प्रशस्त गर्दै जानु नै बिकास हो । **बिकास किन?** यो बृहत्तर बिश्वमा लुप्त प्रायः नेपाली जातीय आत्मगौरवको पुनर्स्थापन गर्न । **अन्तर्राष्ट्रियता के हो?** नेपालका नागरिक मात्र नेपाली होइनन, बरु विभिन्न राष्ट्रका नेपाली भाषाभाषी सबै नेपाली साहित्यिका रसिक राजदूत हुन् भन्ने नेपाली जातीय धारणा हो अन्तर्राष्ट्रियता । **समाज के हो?** नेपालीहृदयको उद्‌गार प्रति इमान्दार, सत्यनिष्ठ व्यक्तिहरुको समूह हो समाज । **नेपाली साहित्य समाज के हो?** नेपाली भाषा र साहित्यका प्रति चिन्तनशील एवं क्रियाशील भएका र त्यस प्रति आस्थावान व्यक्तिहरूको समूह नै नेपाली साहित्य समाज हो । **अनेसास कस्तो संस्था हो ?** अ.ने.सा.स. राजनीति निरपेक्ष, धर्मनिरपेक्ष, लाभनिरपेक्ष, साहित्यिक तथा शैक्षिक क्षेत्रमा क्रियाशील रहँदै अगाडि बढिरहेको संस्था हो । अझ थप भन्नुपर्दा भूगोल, काल र राज्यका कृत्रिम सीमाभन्दा माथि उठेर अन्तराष्ट्रिय स्तरमा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीबृद्धिमा भावनात्मक हिसावले समर्पित व्यक्तिहरुको समूह नै अ.ने.सा.स. हो ।

अतः देवकोटा शतवार्षिकीको अवसरमा देवकोटा जयन्ती मनाउने परम्परा र यसको ऐतिहासिक पक्षको खोजी गर्दा मलाई के भन्न पाउँदा गर्व लाग्छ भने यो शुभकार्यको थालनी अ.ने.सा.स. र यसका कर्मठ कार्यकर्ता भीमप्रसाद रेग्मी र पुरुषोत्तम सुवेदीले गरेका हुन् । अ.ने.सा.स.का भू. पू. अध्यक्षहरू तथा अ.ने.सा.स.केन्द्रका ट्रस्टी द्वय भीमप्रसाद रेग्मी र पुरुषोत्तम सुवेदीको अग्रसरतामा अ.ने.सा.स.ले जर्जमेसन युनिभर्सिटीमा सन् १९९७ को नोभेम्बर महिनामा देवकोटा जयन्ती भव्यतासाथ मनाइएको थियो । बाशिङ्गटन डिसी मेट्रो क्षेत्रमा त्यस बेलादेखि लगातार रुपमा देवकोटा जयन्ती मनाइदै आएको छ । यदाकदा अ.ने.सा.स.ले संस्थागत रुपमा मनाउन नसक्ने जस्ता संकटका घडीमा भीमप्रसाद र पुरुषोत्तमको (एक्लैले पनि देवकोटा जयन्ती संचालन गर्ने) प्रणले गर्दा देवकोटा जयन्ती गत बाह्रवर्षदेखि अटूट रुपले बाशिङ्गटन डिसीमा सन्चालन हुदै आएको छ । बाशिङ्गटन डिसीमात्र हैन अ.ने.सा.स.ले यसलाई विश्वभरका सबै शाखाहरूमा मनाउने प्रावधान राखेकोले पहिले एक ठाउँ वाशिङ्गटन डिसीमा मात्र गरिन्थ्यो भने अहिले कम्तिमा ५५वटा शाखाहरूको संख्याका राष्ट्रमा यो देवकोटा जयन्ती मनाइन्छ । यसबाट

अनुभूति के गर्न सकिन्छ भने अ.ने.सा.स. संसारभरि नै फैलिदै गएको छ र जाने छ ।

जनवरी ११, १९९१ को दिनमा अ.ने.सा.स. को विधान परिषद गठन भएकोले यसलाई पनि जन्म दिन मानिन्छ । नत्र यसको जन्म दिन सन् १९९० को विजया दशमी नै हो । गभ्मेन्ट अफ डिष्ट्रिक्ट अफ कोलम्बियाले जुन २२, १९९३मा अ.ने.सा.स.लाई संस्थागत (इन्कर्पोरेट) गऱ्यो । त्यसको लगत्तै पछि सेप्टेम्बर २२, १९९३ मा संयुक्त राज्य अमेरिका सरकारको आन्तरिक राजस्व सेवा मातहत संघीय कर मिनाहा हुने (Federal Tax Exemption) स्वीकृति पायो । फरवरी ३, १९९४ मा वित्त तथा कर विभाग, कोलम्विया डिस्ट्रिक्ट (D.C. Department of Finance & Revenue) बाट विक्रि कर (Sale Tax) नलाग्ने गरी बिक्रि कर मिनाहा (State Tax Exemption) को पनि स्वीकृति प्राप्त भयो ।

**अनेसासको उद्देश्य र विधान** :

संस्थाको मूलभूत उद्देश्यहरुमा प्रथमतः अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली भाषा साहित्यप्रेमीबीच बराबर सम्पर्कको पुल बनी भाषासाहित्यको प्रचारप्रसार, उत्थान एवं संवर्द्धन गर्नुका साथै साहित्यकारहरुलाई हौसला प्रदान गर्दै सम्मान गर्नु रहेको छ । यसबाहेक साहित्यिक रचनाहरुको प्रकाशन, साहित्यिक गोष्ठीहरुको आयोजना, नेपाली साहित्यिक रचनाहरूको प्रकाशन, विभिन्न विधाका नेपाली साहित्यिक कृतिहरुको अंग्रेजी एवं अन्य भाषामा अनुवाद तथा प्रकाशन गर्नुका साथै “अन्तर्राष्ट्रिय नेपाली उत्कृष्ट पुस्तक पुरस्कार” को संचालन गर्नु रहेको छ । संस्थाको विधानले महासमिति, कार्यसमिति, सल्लाहकार समिति लगायत विभिन्न उपसमितिहरुको व्यवस्था गर्नुका साथै नेपाल बाहिर विभिन्न देशमा अ.ने.सा.स.को शाखा खोल्न सकिने व्यवस्था गरेको छ । विगत वर्षहरुमा अ.ने.सा.स. केन्द्रले मनाएका देवकोटा जयन्तीका इतिहास अनुशीलन गर्दा प्राप्त केही पक्षहरु यस प्रकार छन् ।

१९९७ मा पहिलोपटक अमेरिकामा देवकोटा जयन्ती मनाउँदा सर्वसाधारणको व्यापक उपस्थिति थियो । पछिल्ला दिनहरुमा स्रस्टाहरुलाई पुरस्कृत गर्ने कार्यक्रम (एवार्ड सेरेमोनी) पनि यसैमा थपेपछि यसले थप आकर्षणको स्थान बनाएको छ । म यहाँ देवकोटा जयन्तीका केही संझनाहरुलाई उद्धरित गर्न चाहन्छु । अक्टुवर २५, २००३ को दिन ज्ञानेन्द्र गदाल, अध्यक्ष, अ.ने.सा.स., कोलोराडो शाखाको नेतृत्वमा कोलोराडोमा ९५ औं देवकोटा जन्म जयन्ती भव्य रुपमा मनाइएको थियो । कार्यक्रमका प्रमुख वक्ता श्री राजेन्द्र शर्माले महाकवि देवकोटाको व्यक्तित्व र कृतित्वमाथि टिप्पणी गर्दै उनका कृति र उनका बारेमा लिखित पाठ्य सामाग्रीहरु अन्तर्राष्ट्रिय भाषामा अनुवाद गरिनुपर्ने महत्वमाथि प्रकाश पार्नुभएको थियो । अर्का वक्ता प्रा. विजयराज शर्माले यस किसिमका कार्यक्रमहरुले विदेशमा रहेका आगामी पिंढीलाई आफ्नो भाषा, संस्कृति र कलादेखि टाढिनबाट बचाउन मद्दत पुग्ने कुरामा जोड दिनुभएको थियो । समाजका महासचिव श्री दिपकराज जोशीले बीच-बीचमा महाकविका बारेमा मीठा मीठा टुक्काहरु प्रस्तुत गर्दै कार्यक्रम संचालन गर्नुभएको थियो । कार्यक्रमका सभापति ज्ञानेन्द्र गदालले महाकवि देवकोटाले राष्ट्का लागि गरेको योगदानको चर्चा गर्दै यस्ता महान् विभुतिको नाम जोगाइ राखे मात्र राष्ट्को गरिमा उचो हुने कुरामा जोड दिनुभएको थियो।

वाशिङ्गटन डिसीमा आयोजित २००३ को देवकोटाको ९५ औ जन्मजयन्तीका अवसरमा पुरस्कार वितरणको काम पनि राखिएको थियो । कार्यक्रमका प्रमख अतिथि तात्कालीन शाही नेपाली राजदूताबासका उपनियोग प्रमख रुद्र नेपाल लगायतका व्यक्तिहरुले नगद तथा सम्मान-पत्र प्रदान गर्नुभएको थियो । सो

अवसरमा ”प्रो. हरिनाथ खनालः जीवनी र परिवेश” नामक पुस्तकका लागि” सर्वोत्कृष्ट नव–प्रतिभाका रुपमा गोरखापत्रका पत्रकार एवं लेखक कृष्णराज खनाललाई, स्वर्गीय श्री डिल्लीराम तिमसिना पुस्तक पुरस्कार प्रदान गरिएको थियो । त्यसैगरी ”नेपाली गीति कविताका लागि हरिभक्त कटवाल स्मृति पुस्तक पुरस्कार” विष्णुबहादुर सिंहको ”सलबलाउंछन् ओठहरु” नामक गजल संग्रहका लागि प्रदान गरिएको थियो । यसै गरी ”सर्वोत्कृष्ट नारी हस्ताक्षरकालागि स्व. डिल्लीराम तिमसिना पुस्तक पुरस्कार” समालोचक श्रीमती सुधा त्रिपाठीलाई दिइएको थियो । ”भूपिका कवितामा व्यङ्ग्यालङ्कार चेतना” नामक अनुसन्धनात्मक समालोचनात्मक कृतिका लागि र”अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार” कवि रमेश खकुरेलको ”स्रग्धरा” महाकाव्यलाई प्रदान गरिएको थियो । त्यस साल त नेपाली लेखकको कार्यशाला गोष्ठी पनि सञ्चालन भएको थियो । सो अवसरमा नेपाली कविता र लेखन शैलीका बारेमा डा. हरि भट्टराईले, कविता र गजलका बारेमा डा. दीपक खड्काले तथा कथा र उपन्यासका बारेमा होमनाथ सुवेदीले कार्यपत्र प्रस्तुत र अन्य विद्वान्हरूले मन्तव्य व्यक्त गर्नुभएको थियो । यसैगरी बालबालिकाहरु माझ देवकोटाको विभिन्न मुद्रामा गराइएको चित्र लेखन प्रतियोगितामा सागर सुवेदी प्रथम, मेधा सत्याल द्वितीय तथा श्रुति तृतीय भएका थिए । सोही अवसरमा स्मिथ सोनियम संग्रहालयका नृत्य शिक्षक अनिल दाहालले लाखे नाच र मन्जुश्री नाच प्रदर्शन गरेका थिए । त्यसैगरी सो समारोहमा मोती समस्यापुर्ति कविता प्रतियोगितामा मनोज आचार्य र किरण सिटौलाले संयुक्त रुपमा पहिलो स्थान प्राप्त गरे भने कृष्णराज खनाल दोस्रा भएका थिए । मोती जयन्तीको अवसरलाई ऐले अ.ने.सा.स.ले अन्तर्राष्ट्रिय साहित्य सम्मेलन बनाएको छ । यस अघि पहिलो पटका अमेरिकामा मोति जयन्ती सन् १९९४मा अ.ने.सा.स.ले नै मेरिल्यान्ड युनिभर्सिटीमा मनाएको थियो । तर भानुजयन्ती र देवकोटा जयन्तीमा जस्तो निरन्तरता यसमा कायम रहन सकेन । नसके पनि मोति जयन्तीको मुख्य कुरा समस्यापूर्ति कविता प्रतियोगितालाई देवकोटा जयन्तीमा समावेश गरी मोतिको प्रत्येक वर्ष अनेसास केन्द्रले स्मृति गर्ने गराउने काम गराउन पनि देवकोटा जयन्ती डिसीमा सुरु गर्न नेतृत्वगर्ने प्रथम भाषा साहित्यप्रेमी भीम प्रसाद रेग्मीको जोडले ऐलेसम्म यो परम्परा कायमै छ । आज हामीले डायास्पोराका लेखकलाई उठाउन प्रयत्न गरे जस्तै त्यस बेला मोतीरामले आफ्नो मण्डलीमा सक्दो प्रयास गरेका थिए । त्यस बेला आजको जस्तो यातायात संचारको सुविधा भएको भए मोतिले नै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज खोल्थे होला । तै पनि त्यो हुन नसके पनि छापाखाना खोल्ने जस्ता नयाँ काम त उनले गरेर गएका हुन् । भानुलाई पनि उनले प्रकाशमा ल्याउने काम न गरेका भए उनको बारेमा खोज गर्न हामीलाई धेरै काम बाँकी नै रहने थियो । देवकोटाको त कुरै नगरौं उनी नेपाली साहित्यमा पूर्वका ध्वनि हुन् भने पश्चिमका वाहक नै हुन् । नेपाली साहित्यका हिमाल हुन् ।



एरिजोना राज्यमा नोभेम्बर १३, २००४मा महाकवि देवकोटाको ९५औं जयन्ती मनाएर अ.ने.सा.स. केन्द्रको कदममा कदम मिलाउँद एरिजोना शाखा अगाडि बढेको हो । यसै गरी नोभेम्वर २१ तारिख २००४ सालका दिन महाकवि स्व. लक्ष्मीप्रसाद देवकोटाको शुभ जन्मदिन पारेर सियाटल वाशिङ्गटनमा देवकोटा-जयन्ती मनाए । अ.ने.सा.स. सियाटल च्याप्टरकी अध्यक्ष श्रीमती ज्योत्सना राणाको अध्यक्षतामा भनौं उनको नेतृत्वमा भएको सो कार्यक्रमका मुख्य अतिथि श्री भीम रावल हुनुहुन्थ्यो । सो कार्यक्रममा नेपाल सियाटल सोसाइटीका अध्यक्ष तथा अनेसास सियाटल शाखाका सल्लाहकार रवि राणा र अ.ने.सा.स. वासिङ्टन सियाटल शाखाका सम्पूर्ण पदाधिकारी साथै अन्य महानुभावहरुको उपस्थितिमा देवकोटाप्रति

श्रद्धाञ्जली अर्पण गरिएको थियो । पुष्प श्रेष्ठ, मदन श्रेष्ठ, डारलिङ, पुण्य कार्की र राम शर्मा जस्ता बुद्धिजीवीहरुले देवकोटाको व्यक्तित्व र कृतित्वबारे प्रकास पारेका थिए । सो समारोहमा भीम रावल, ज्योत्सना राणा, सीता भट्टराई, सुनिल जोशीले कवितापाठ गर्नुभएको थियो । यो कुरा सानो होला तर त्यति सानो संस्था र ठाउँमा पनि ज्योत्साना र उहाँका साथीहरुले आजभन्दा ५ वर्ष अगाडिदेखि नै देवकोटा जयन्ती मनाएर हामीलाई प्रेरित गरिरहेका भेटिन्छन् । ज्योत्सानाका भाइ सुरेजजङ्ग शाहले नेपाली साहित्य परिषद युकेमा गरेको योगदान सबको अगाडि खुला नै छ । ज्योत्साना जस्ता अनेसासका कार्यकर्ताहरु नै हुन् - नेपाली जातीय पहिचानको प्रतीक देवकोटालाई सदा संझन्छन् र उनको प्रेरणाले आफ्नो भविष्यको पथ फराकिलो पार्दछन् । अ.ने.सा.स.को नेतृत्वमा बस्ने प्रत्येक व्यक्तिले यस्तै यौटा महत्वपूर्ण कार्यको जग बासाल्दै गएभने संस्थाको वेद र व्यास बढ्न अरुको आशीर्वाद चाहिदैन । मानिस वा संस्था ठूलो कामले हुन्छ । आडम्बरले हुदैन । यस्तो नमुनाको काम गर्ने प्रेरणा देवकोटाको यो शतवार्षिकी भनौ वा देवाकोटा जन्म-शताब्दीले हामीलाई देओस् ।

आफ्नो काम नै छोडेर अ.ने.सा.स.को काम गर्ने भन्ने होइन तर अ.ने.सा.स. को उद्देश्यमनि यी विभूतिहरु हाम्रो मूलथलाका आदर्श हुन्, यी सबका हुन् र यिनीहरु उपरको मन्थनले हाम्रा भावी सन्ततिहरुको पहिचान अविच्छिन्न रहनमा मद्दत पुर्‍याउँछ भन्नेतिर सजग रहन सचेत गराइरहन्छ । आफ्ना बाबुआमालाई आफ्नै संपत्ति संझे जस्तै यिनलाई पनि हामीले आफ्नै आत्मा संझेर काम गर्‍यौं भने हामीलाई नेपाली रङ्गमा सास फेर्न अत्यन्त सुकर हुन्छ। भानु, देवकोटा र मोती जस्ता महान् व्यक्तिको महान् कार्यले हाम्रो नेपाली शब्दको अर्थलाई विस्तारित गरेको छ र बलियो बनाएको छ । त्यसैले हामी कहिल्यै पनि कृतघ्न नभै सदा यी पूर्वजको स्मरण, अनुकरण तथा अनुशीलन गर्न हामी तयार हुनुपर्छ । सबैले त्यही गरिरहेछौं । यो जुलाईमा भानुजयन्ती, अगस्तमा मोती जयन्ती र नोभेम्बरमा महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती। त्यस्तै हालै जापानमा भैरहेको देवाकोटा शतवार्षिकी कविता गोष्टीहरु जस्ता विभिन्न स्थानमा भैरहेका गोष्टी र प्रकाशनको इतिहास र महत्ता छुट्टै छ । देवकोटाको १०० वर्ष पुगेको उपलक्ष्यमा यो विशेषाङ्क निकाल्दा मलाई त अ.ने.सा.स.का केन्द्र र च्याप्टरले मनाएका र भएका देवकोटा जयन्तीको इतिहास सबै खोतलेर लेख्न मन लागेको थियो तर यसो कोट्टयाउदैमा यति धेरै भैसक्यो । यो भन्दा बढी लेख्न त यसैमा शोधग्रन्थ तयार गर्नपुग्ने सामग्री देखें र यो लेखमा केवल देवकोटा जयन्ती मनाउने गरेको नेपाली डायास्पोरामा यसको आफ्नो सिङ्गो इतिहास छ जुन अनुशीलनीय छ भन्दै सीमित गर्न अनुमति माग्दछु ।

हालसम्म विश्वभरिमा स्थापित भएका ५५ शाखाहरू भनौं केन्द्रसित ५६ ठाउँमा मात्र केवल १०, १० जनाले मात्र देवकोटा जयन्ती मनाए पनि ५६० जनाले मनाइरहेका हुन्छन् । यो शतवार्षिकीले त देवकोटाको स्मृति मात्र हैन यसले नेपालीमा एकता र अखण्डताको भावना विकसित गर्नमा मद्दत गरेको छ। अ.ने.सा.स.ले देवकोटाको स्मृति दिवशमा वितरण गरिने अ.ने.सा.स.पुरस्कारको संख्या ऐले १७ पुगेको छ र उनको जयन्ती १२, १३ वर्षदेखि डिसी लगायत विभिन्न च्याप्टरमा निरन्तर रुपमा मनाइआएको छ । माथि उल्लिखित पुरस्कारका राशी पनि कतिपयमा द्विगुना वृद्धि भएको छ र देवकोटा जयन्तीको दिनको गरिमा बढाएको छ ।

मेरो अवलोकनमा पहिले भाषाप्रेमी बढी हुन्थे भने पछि भाषा प्रेमीको सख्या घटेर साहित्यकार उन्मुखमात्र बढी हुदै जाँदा अहिलेसम्म यसको दायरा सानो भएको छ तापनि अब अ.ने.सा.स. मात्र हैन अरु व्यक्ति वा संस्थाले पनि देवकोटा शतवार्षिकी मनाउन थालेकोले त्यो संख्या बृद्धि हुनुले देवकोटा शतवार्षिकीको लागि समर्पित हुनेहरुको संख्या कम छैन भन्ने जनाउँछ । यो

हरेक नेपाली साहित्यनुरागीका लागि सुखद अवस्था हो । हरेक व्यक्ति वा संस्थाले देवकोटा जयन्तीको नाताले नेपाली भाषा र साहित्यप्रतिको ममता डायास्पोरामा प्रदर्शन गरून् कुरा त्यत्ति हो ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म शताब्दीको अवसरमा अ.ने.सा.स.को मुखपत्र साहित्यिक त्रैमासिक अन्तर्दृष्टिलाई देवकोटा विशेषाङ्कको रूपमा प्रकाशन गर्नु नै एउटा नमुनाको काम भएको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटासँग सम्बन्धित रचनाहरू गीत, गजल, कविता, मुक्तक, हाइकू, सँस्मरण, इतिहास, देखेभोगेका र सङ्गतका कुरा, कृति समीक्षा, विवेचना, समालोचना, जीवनी, खोजिनीति, योगदान माथिको चर्चा, परिचर्चा, विश्लेषण जस्ता कार्यहरूले कलात्मक रुपमा नेपाली जातीय संरक्षण र संवर्द्धनमा देश र देशबाहिरका नेपाली डायास्पोरामा पनि महत्वपूर्ण भूमिका खेल्दछन् । प्रधान सम्पादक प्रकाश पौडेल 'माइला'को अन्तर्दृष्टि (साहित्यिक त्रैमासिक)लाई देवकोटा विशेषाङ्क बनाउने काम भएको अग्रिणीभूमिकाको पाठ अत्यन्त प्रशंशनीय छ । त्यस्तै सागर पत्रिका फ्लोरिडा शाखाको पनि अहम् भूमिका छ ।

यी थिए अ.ने.सा.स.का अस्ति, हिजो, आज र भोलिका दिनहरुको संक्षिप्त पर्यावलोकन । यी अध्ययनहरुको आधारमा के भन्न सकिन्छ भने अस्ति अंकुराएका स-सना व्यक्ति र संस्थाहरु आज क्रमशः फैलिएर हात मिलाएका छन् । विभिन्न देशमा स्थायी, अस्थायी रुपमा बसोबास गर्ने सम्पूर्ण नेपाली जातिको लागि अ.ने.सा.स. एक अन्तर्राष्ट्रिय प्रीतिस्थल भएको छ । यसरी, एशिया, अमेरिका र अस्ट्रेलियासमेतका सबै नेपाली अ.ने.सा.स. को एउटै सूत्रमा आबद्ध भई नेपाली भाषा र साहित्यको विकासमा आप्रवासी नेपालीको ऐतिहासिक भूमिकालाई अझ तीब्रतर बनाउँदै छन् । अ.ने.सा.स. एक सरीतप्रवाह बनेर आएको छ । समालोचनामा हैन, आलोचनामा रमाउनेहरुले पनि यही सरीतप्रवाहलाई पछ्याउदै छन् । अ.ने.सा.स.को दर्शनलाई सबै नेपाली मिलेर आत्मसात गरेका छन् । नेपालबाहिर रहेका नेपाली मूलका बहूसंख्यक सचेत भाषा साहित्यप्रेमी सबै नेपालीहरु अ.ने.सा.स.को नेतृत्वमा आवद्ध छन् र देवकोटाको शतवार्षिकी होस् वा भानु वा मोतीराम भट्टको होस् स्मृतिमा तल्लीन छन् । त्यस्तै यस वर्ष मनाइएका विभिन्न ठाउँका देवकोटा शतवार्षिकीहरु र गत अगस्त १५को दिन गरिएको अन्तर्राष्ट्रिय साहित्य सम्मेलन पनि मोतीजयन्तीको उपलक्ष्यमा नै पारेर न्यूयोर्कमा भएको छ । यी सबै हामी नेपालीबीच भावनात्मक एकता र अखण्डताका प्रतीक हुन् । यही अक्टुबर ३ देखि ९ सम्म लागातार वासिङ्गटन डिसीवरपरका सर्वसाधारणले देवकोटा शतवार्षिकी मनाएका छन् र अ.ने.सा.स. केन्द्रको छुट्टै अक्टुबर २५, २००९ को दिन अ.ने.सा.स. केन्द्र र डिसी शाखाले सेन्टरभिल पुस्तकालय, भर्जिनियामा मनाइरहेछन् । यो क्रम अरु विभिन्न राज्य र राष्ट्रहरुमा पनि हुदै जानु हौसलाप्रद कुरा हो ।

नोभेम्बर १२, १९०९मा जन्मेर सेप्टेम्बर १४, १९५९मा जाने देवकोटा, पचासै वर्षमा पनि त्यति धेरै काम गरेर गए । अझ उनी ८० वर्ष बाचेको भए पक्कै पनि सहित्यतर्फको नोबेल पुरस्कार विजेता हुन्थे । उनमा त्यो भन्दा धेरै प्रतिभा थियो तर कालको गतिसित को लड्न सक्छ र ? हामी सबैले बाँचुन्जेल देवकोटाले देखाएको सत्य, सुन्दर र शिव कार्य गरेर आफ्नो सुन्दर छविसित बाँच्ने कोशिश गर्नुपर्छ । यसैले आफ्नो हुनुको अस्तित्व प्रमाणित गर्दछ र पितृले पनि मानव कुलको वृद्धि र विकासको लागि आशीर्वचन दिएको हामीलाई अनुभूपति हुन्छ जसको परिणाम सुन्दर हुन्छ । आजको विश्वलाई चाहिएको शान्ति नै यही हो । देवकोटा जयन्तीको यो आदर्शलाई अंगिकार गरेर नै अ.ने.सा.स. देवकोटा जयन्ती मनाइरहेको छ ।

अ.ने.सा.स. नेपाली साहित्यका विभूतिको सदा कदर गर्दछ र उनलाई सिरानी बनाएर नेपाल मात्र हैन नेपाल बाहिर पनि नेपालीका भाषा साहित्यका साथसाथै सबैको कदर गर्दछ । यसका अलावा नेपालका जनजातीय भाषा र साहित्यलाई त आफ्नै मुटु संझन्छ । सबको विकासले देवकोटालाई तृप्ति मिल्दछ । देवकोटाका सेवामा सघाउ पुऱ्याउन धेरै कुरामध्ये अनेसास पनि स्वयम् एक गोरेटो हो त्यसको स्थापनाकालकै दर्शनलाई यहाँ प्रस्तुत गर्दै यो अनेसासमा देवकोटा जयन्ती इतिहासलाई अन्त हैन यो अर्थमा नै टुङ्ग्याउँछु ।

छोटकरीमा अ.ने.सा.स.को दर्शनलाई यसरी बुझ्न सकिन्छ :

(१) नेपालका नागरिक मात्र नेपाली हुन् अरु देशमा नागरिक भएका नेपाली प्रवासी हुन् भन्ने विषम धारणाको उन्मूलन गरी जुनसुकै देशमा रहेबसेर नागरिक भएका भए पनि नेपाली भाषाभाषी सर्वदा नेपाली नै हुन् भन्ने एकात्म भावको सिर्जना गर्नु ।

(२) विभिन्न जनजातिबाट बनेको नेपाली जातिको सम्पर्क भाषा (Link language) को रुपमा रहेको नेपाली भाषा र साहित्यको विकासद्वारा नेपालीको आत्मगौरवको स्थापना गर्नु ।

(३) जटिल मनोभावनाहरुको कलात्मक प्रकाशद्वारा नेपालीको स्वस्थ स्वास्थ्यको अनुकूलन गर्नु ।

(४) नेपालका जनजातीय भाषा र साहित्यको समुचित विकासद्वारा जनजातीय गौरवको सम्बर्द्धन गर्नु ।

(५) अनुदित साहित्यको विकासद्वारा नेपाली भाषाका पाठकहरुको आवश्यकताको पूर्ति गर्नु ।

(६) अन्तर्राष्ट्रिय नेपाली साहित्य पुरस्कारको नियमित सञ्चालनद्वारा साहित्यसिर्जनामा प्रोत्साहन गर्नु ।

(७) नेपाली भाषा र साहित्यको विकासको मूलमा 'अन्तर्दृष्टि'को भूमिकाप्रति विश्वास गर्नु ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले आफ्ना कार्यक्रम तथा क्रियाकलापको सम्यक आलोचनाको सदैव अपेक्ष र स्वागत गर्दछ । समाजको बारेमा बढी जानकारी लिन चाहने इच्छुक महानुभावहरुले आफ्नो जिज्ञासा अ.ने.सा.स. मा पत्राचार गरेमा जानकारी उपलब्ध गराउँछ । सम्पूर्ण नेपाली भाषा साहित्यप्रेमीहरुबाट अ.ने.सा.स. का उद्देश्य पूर्तिका लागि सहभागिता र सहयोगको अपेक्षा गरिएको छ ।

**सम्पर्क ठेगाना**

International Nepali Literary Society (INLS)
1727 Horner Road, Woodbridge, VA 22191, USA, Tel: 703-491-1014

Email: info@inls.org, language@inls.org, literature@inls.org, webmaster@inls.org
Web Site: http://www.inls.org

(Note: Author is the Founding President and Board of Trustee Chair of INLS)